annapurnapost.com
अन्नपूर्ण पोस्ट
वर्ष २४, अंक ३२७, पृष्ठ ८ | काठमाडौं, सोमबार २३ चैत २०८२ | वैशाख कृष्णपक्ष चतुर्थी, नेपाल संवत् ११४६ | MONDAY, APRIL 6, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

# ‘विशिष्ट व्यक्ति’का नाममा सुरक्षाकर्मीको दुरुपयोग

राज्यको ढुकुटीबाट तलब खाने सुरक्षाकर्मीको मुख्य जिम्मेवारी नागरिकको जीउधनको रक्षा गर्नु र शान्ति सुरक्षा कायम गर्नु हो। तर, पछिल्लो समय ‘विशिष्ट व्यक्ति’ र ‘अति विशिष्ट व्यक्ति’ को सुरक्षाका नाममा सुरक्षाकर्मीको व्यापक दुरुपयोग भइरहेको पाइएको छ।

**अजवी पौड्याल** | *काठमाडौं*

विस्तृत पृष्ठ २



## मध्यपूर्वको असर : दुई दिन बिदा



**काठमाडौं** (अन्नपूर्ण) : मध्यपूर्वमा भएको युद्धले मुलुकमा पेट्रोलियम संकट बढ्दै गएपछि सरकारले सरकारी कार्यालय र शैक्षिक संस्थामा दुई दिन बिदा दिने निर्णय गरेको छ। पेट्रोलियम आपूर्तिमा उत्पन्न असहजताका कारण सोमबारबाट लागू हुने गरी सरकारले शनिबार र आइतबार बिदा दिने निर्णय गरेको हो। दुई दिने बिदा दिने मन्त्रिपरिषदको निर्णय राजपत्रमा प्रकाशित भइसकेको छ। निर्णय भएको दिनमा नै राजपत्रमा सूचना प्रकाशित भएको हो।

शैक्षिक संस्थाबाहेक अरू कार्यालयहरूको कार्यालय समय बिहान ९ देखि ५ बजे कायम गर्ने निर्णय भएको सरकारका प्रवक्ता एवं शिक्षा तथा विज्ञानप्रविधिमन्त्री सस्मित पोखरेलले जानकारी दिए। पोखरेलका अनुसार डिजेल तथा पेट्रोल गाडीलाई विद्युतीय गाडीमा परिवर्तन गर्नका लागि आवश्यक कानुनी व्यवस्था मिलाइने भएको छ।

आगामी शैक्षिक सत्र २०८३ वैशाख १५ गतेबाट सुरु गर्ने सरकारले निर्णय गरेको छ। डिजिटल नेपाल ट्रान्सफर्मेसन प्रोजेक्टका लागि क्रमश: एसियाली विकास बैंक तथा विश्व बैंकले प्रदान गर्ने ४० मिलियन अमेरिकी डलर र ५० मिलियन अमेरिकी डलर गरी जम्मा ९० मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण स्वीकार गर्ने निर्णय पनि गरेको छ।

त्यस्तै सरकारले दिगो र समावेशी वित्त परियोजनाका लागि विश्व बैंकबाट प्राप्त हुने ९५ मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण स्वीकार गर्ने भएको छ।

सबै मन्त्रालय, सचिवालय, आयोग र अन्तर्गतका निकायहरूको संगठन तथा व्यवस्थापन, सर्वेक्षण गर्न पूर्वस्वीकृति दिने निर्णय गरिएको पोखरेलले जानकारी दिए। राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले दिएको राजीनामा पनि बैठकले स्वीकृत गरेको छ।

## सभामुखमा डीपी, नयाँ मानक स्थापित गर्ने चुनौती

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

रास्वपाका नेता एवं अर्थमन्त्री स्वर्णिम वाग्लेले विगतका ३ जना सभामुखको नाम लिए- कृष्णप्रसाद भट्टराई, दमननाथ ढुंगाना र सुवास नेम्बाङ। संसदीय इतिहासमा यी ३ जना सभामुखले आआफ्नै मानक स्थापित गरेका छन्। पहिलो सभामुख कृष्णप्रसाद भट्टराई, सादगी। दमननाथ प्रभावकारी र सुवास समन्वयकारी। इतिहासका ३ फरक-फरक कालखण्डमा यी ३ जना सभामुखले महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए। त्यसैकारण सबैले सम्झिने पात्र बने।

झन्डै दुईतिहाइको बहुमत प्राप्त रास्वपाका डोरप्रसाद (डीपी) अर्याल नयाँ सभामुख निर्वाचित भएका छन्, त्यो पनि निर्विरोध। त्यसैकारण, रास्वपा नेता वाग्लेले ३ जना पूर्वसभामुख जस्तै डीपीले नयाँ मानक स्थापित गर्ने विश्वास गरे, आइतबार संसद् बैठकमा।

नवनिर्वाचित सभामुख डीपीसँग संसदीय राजनीतिको लामो अनुभव छैन। उनलाई समर्थन गरेको रास्वपाको झन्डै दुईतिहाइ बहुमत छ।



संसदीय इतिहासका खेलाडी कांग्रेस र एमाले संख्यात्मक रूपमा निकै कमजोर छन्। त्यसैकारण संसद्को गणित नै सभामुख डीपीको मुख्य चुनौती हो। विगतकै नजिर हेर्दा पनि सुविधाजनक बहुमत भएको सत्तापक्षले संसद्लाई ‘रबर स्ट्याम्प’ बनाउने गरेका छन्। संसद्मा कसैको पनि बहुमत नहुँदा संसदीय राजनीतिका विकृतिमा सांसदलाई चोबल्ने संस्कृति छ। त्यसैकारण सभामुख डीपीको सुझबुझपूर्ण विवेकले मात्रै संसदलाई प्रभावकारी बनाउने निश्चित छ।

मुलुकको १०औं सभामुखका रूपमा आइतबार कार्यभार सम्हालेका डीपीलाई सत्तापक्षको दबाब र विपक्षीको सम्मानलाई मिश्रण गरेर अघि बढनुपर्ने चुनौती छ।

सत्तापक्ष र विपक्षीको समन्वयमा मात्रै संविधान कार्यान्वयनसम्बन्धी लामो समयदेखि रोकिएका विधेयक अघि बढ्न सक्छन्, संसद्ले प्रभावकारी भूमिका निर्वाह गर्न सक्छ। पद बहालीपछि नवनिर्वाचित सभामुख अर्यालले सभामुखको काम कर्तव्य अधिकार तटस्थ र निष्पक्ष हुनुपर्ने कुरा आफूले राम्रोसँग बुझेको भन्दै त्यसैअनुसार अघि बढ्ने बताए।

उनले बलियो प्रतिपक्ष भनेको नै जनता भएकाले जनताका मुद्दालाई प्राथमिकताका साथ अघि बढाउने धारणा व्यक्त गरे। ‘मैले सदन भनेको विशेषत: प्रतिपक्षकै हुनुपर्छ भन्ने राम्रोसँग बुझेको छु,’ उनले भने। सभामुख अर्यालले कानुन बनाउने कुरामा अग्रसर भएर लाग्नेसमेत बताए। उनका विरुद्ध कसैको पनि उम्मेदवारी नपरेपछि साझा सभामुख बनेका छन्।

» बाँकी पृष्ठ ६

## महान्यायाधिवक्तामा डा. कँडेल

**काठमाडौं** (अन्नपूर्ण) : राष्ट्रपति रामचन्द्र पौडेलले महान्यायाधिवक्तामा डा. नारायणदत्त कँडेललाई आइतबार नियुक्त गरेका छन्। प्रधानमन्त्री बालेन्द्र (बालेन)शाहको सिफारिसमा अधिवक्ता डा. कँडेललाई महान्यायाधिवक्तामा नियुक्त गरेका हुन्। नेपालको संविधानको धारा १५७ को उपधारा २ बमोजिम महान्यायाधिवक्तामा नियुक्त गरिएको हो।

महान्यायाधिवक्ताका रूपमा डा. कँडेलले संवैधानिक एवं कानुनी विषयमा सरकारलाई कानुनी राय सल्लाह प्रदान गर्ने छन्। बागलुङका डा. कँडेलले क्वेन्स विश्वविद्यालयबाट विद्यावारिधि गरेका छन्। त्यस्तै अल्स्टर विश्वविद्यालयबाट अन्तर्राष्ट्रिय मानवअधिकार कानुनमा एलएलएम गरेका छन्।

त्यस्तै नेसनल युनिभर्सिटी अफ आयरल्यान्डबाट अन्तर्राष्ट्रिय शान्ति स्थापना स्नातकोत्तर डिग्री हासिल गरेका छन्। उनी फ्रिडम फोरमको संस्थापक सदस्य हुन्।

पत्रकारिताका पृष्ठभूमिबाट कानुन व्यवसायमा प्रवेश गरेका कँडेल नेपाल पत्रकार महासंघ धौलागिरि क्षेत्रको शाखा अध्यक्षको रूपमा काम गरेको अनुभव छ। त्यस्तै उनले २०५० को दशकमा विभिन्न साप्ताहिक एवं राष्ट्रिय दैनिक तथा रेडियो नेपालमा स्थानीय संवाददाताका रूपमा काम गरेका थिए।

## ‘थर फेर्न पाउने अधिकार नैसर्गिक र मौलिक’

### सर्वोच्च अदालतको व्याख्या

**दिनेश गौतम** | *काठमाडौं*

सर्वोच्च अदालतले अपमानित महसुस गराउने थर परिवर्तन गर्न पाउने वा थर छनौट गर्न पाउने अधिकार नैसर्गिक र मौलिक अधिकार भएको व्याख्या गरेको छ।

न्यायाधीशद्वय सपना प्रधान मल्ल र टेकप्रसाद ढुंगानाको संयुक्त इजलासले अपमानजनक र भेदभावजन्य महसुस हुने थर परिवर्तन गरी सम्मानजनक थर राख्न सकिने व्याख्या गरेको हो। ‘नागरिकलाई मानसिक कैद र सामाजिक तिरस्कारको प्रतीक बनेको थर बोक्न बाध्य पार्नु आधुनिक न्यायशास्त्र र मानव अधिकारका सिद्धान्तहरूको विपरीत हुन जान्छ,’ फैसलामा भनिएको छ, ‘व्यक्तित्व विकासमा अवरोध सिर्जना गर्छ भने, त्यस्तो थर परिवर्तन गर्न पाउने वा थर छनौट गर्न पाउने निजको नैसर्गिक र मौलिक अधिकार हो।

व्यक्तिको आत्मसम्मानलाई चोट पुग्ने खालका भेदभावजन्य जात थरहरूका कारण भोग्नु परेको



भेदभाव र पीडाबाट मुक्त पार्न मानव अधिकारमुखी दृष्टिकोणबाट त्यस्ता थर र जात सच्याउनु नै न्याय र संवैधानिक मर्यादा ( कन्स्टिच्युसनल डिग्निटी)को असली मर्म हुन जान्छ।’

रूपन्देही बुटवलका रिट निवेदक नरबहादुरले आफ्नो नाम पछाडि विश्वकर्मा थर झुन्ड्याउने बाध्यात्मक व्यवस्थाले सम्मानजनक रूपमा बाँच्न पाउने अधिकार हनन भएको दाबी गर्दै रिट निवेदन दायर गरेका थिए। नरबहादुरले २०७१ वैशाखमा आफ्नो नाम जर्ज एभरेस्ट र पत्नीको नाम एलिशा एभरेस्ट र छोराछोरीको नाम पनि जेकब र जमिमा जर्ज राख्नका लागि जिल्ला प्रशासन कार्यालय रूपन्देहीमा निवेदन दिएका थिए।

गृह मन्त्रालयले ५ वर्षपछि मागबमोजिम नाम थर परिवर्तन गरेर नागरिकता प्रमाणपत्र जारी गर्न नमिल्ने निर्णय गरेको थियो। उक्त निर्णयविरुद्ध नरबहादुरले सर्वोच्चमा रिट निवेदन दायर गरेका हुन्। सोही रिट निवेदनमाथिको सुनुवाइ गर्दै सर्वोच्चले नागरिकता ऐन २०६३ र नेपाल नागरिकता नियमावली २०६३ को प्रक्रिया पूरा गरी संशोधित थर कायम गर्न परमादेशको आदेश जारी गरेको छ।

निवेदकको नाम नरबहादुर परिवर्तन गरी पाउँ भन्ने निवेदन मागदाबीको हद सम्ममा प्रस्तुत निवेदन खारेज हुने ठहर गरेको छ। साथै, कुनै पनि नेपाली नागरिकले आफ्नो थर अपमानजनक लागेमा वा अन्य कुनै बैध कारणले थर परिवर्तन गर्न चाहेमा त्यस्तो विषयलाई सम्बोधन गर्न आवश्यक स्पष्ट मापदण्ड, वस्तुनिष्ठ आधार र कार्यविधिसहितको निर्देशिका निर्माण गरी देशैभर कार्यान्वयनमा ल्याउन आदेश जारी गरेको छ।

सर्वोच्चले व्यक्तिको नाम र थर पहिचानको प्राथमिक माध्यममात्र भएको व्याख्या गरेको हो। हालै सार्वजनिक फैसलाको पूर्णपाठमा भनिएको छ, ‘कुनै पनि नागरिकको नागरिकतामा रहेको थरले निजको मानवीय प्रतिष्ठामा चोट पुऱ्याउने,जातीय भेदभाव निम्त्याउने वा आत्मसम्मानमा आघात पुऱ्याउने देखिएमा त्यस्तो अपमानजनक घर परिवर्तन गरी व्यक्तिले रोजेको सम्मानजनक शब्द जनाउने थर जात राख पाउनु निजको संवैधानिक हक रहेको कुरालाई अस्वीकार गर्नु न्यायको मर्मविपरीत हुन्छ।’

नेपाली समाजमा कतिपय थरहरू ऐतिहासिक उत्पीडन र भेदभावको प्रतीकका रूपमा रहेको उल्लेख गर्दै सर्वोच्चले थर परिवर्तन गर्नु भनेको कानुनी पहिचान लुकाउनु नभई अपमानजनक पहिचानलाई सम्मानजनक पहिचानमा रूपान्तरण गर्नुभएको व्याख्या गरेको छ। यदि कुनै व्यक्तिलाई ऐतिहासिक रूपमा उत्पीडन, अपमान र तिरस्कार बोकेको थर वा पहिचान नै बोकिरहँदा अपमान र विभेदीकरणको शिकार भएको छ भने त्यसले व्यक्तिको मानसिक स्वतन्त्रतालाई खुम्च्याउने फैसला गरेको छ।

‘यदि कुनै नागरिकको साविकको थरले उसलाई समाजमा अपमानित र दोस्रो दर्जाको महसुस गराउँछ भने त्यस्तो अपमानजनक पहिचानलाई त्यागी सम्मानजनक थर ग्रहण गर्न दिनु राज्यको सकारात्मक र सुधारात्मक दायित्व हुन आउँछ, फैसलामा भनिएको छ, ‘व्यक्तिको नाम र थरले निजलाई अपमान (ह्युमिलिएसन)को महसुस गराउँछ भने त्यसलाई परिवर्तन गर्न दिनु राज्यको उदारता नभई नागरिकको मौलिक हकप्रतिको संवैधानिक दायित्व हो।’

न्यायको सुनिश्चितता भनेको नागरिकलाई समाजमा शिर ठाडो पारेर बाँच्न सक्ने परिवेशको ग्यारेन्टी गर्नु रहेको व्याख्या गरिएको छ।

» बाँकी पृष्ठ ६